जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३३ अंक १३२ २०८० साल पुस ९ गते सोमबार (25 Dec. 2023 Monday) मूल्य रु. ५/-

शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले सावधानी अपनाऔं ।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : बढ्दै छ निःसन्तान... ३ पृष्ठमा : सरकारको एक वर्ष : सूचना प्रविधिको ... ३ पृष्ठमायमनमा युद्धरत पक्ष शान्ति ...

## प्रतिष्ठानको काम यथासिघ्र अघि बढाउन सक्रिय रुपमा लागेको छु : जसपा अध्यक्ष यादव



**दैनिक समाचारदाता**
**राजविराज, ८ पुस ।**

जनता समाजवादी पार्टी ( जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले अलपत्र अवस्थामा रहेको रामराजा स्वास्थ्य विज्ञान प्रतिष्ठानको काम यथासिघ्र अघि बढाउन आफु सक्रिय रुपमा लागेको बताएका छन् ।

प्रतिष्ठानको निर्माण कार्य सूरु गर्न माँग गर्दै आन्दोलनरत सप्तरी यूथ नेपालका प्रतिनिधीहरुसंग आईतवार राजविराजमा कुराकानी गर्दै उनले यस्तो बताएका हुन् ।

अढाई वर्ष अघि तत्कालिन प्रधानमन्त्री केपी शर्मा ओलीद्वारा शिलान्यास गरिएको प्रतिष्ठान हाल सम्म निर्माण कार्य सुरु नगरी अलपत्र अवस्थामा छाडिएको छ ।

"सूरुमा जग्गा प्राप्ती मै धेरै समय लाग्यो, विभिन्न झमेलाहरु पनि आए, अध्यक्ष यादवले भने- ती सबै चुनौती पार गरेर अघि बढ्दा पनि विभिन्न कारणले प्रतिष्ठानको निर्माण कार्यले गति लिन पाएनन् ।"

एक प्रदेश एक स्वास्थ्य विज्ञान प्रतिष्ठान निर्माण गर्ने नीति अनुसार २०७५ साल पुष १६ गते मन्त्रिपरिषदको बैठकले मधेश प्रदेशको राजविराजमा रामराजा स्वास्थ्य विज्ञान प्रतिष्ठान निर्माण गर्ने निर्णय गरेको थियो । त्यति बेला अध्यक्ष यादव उपप्रधान एवं स्वास्थ्य तथा जनसंख्या मन्त्रि थिए ।

यसै क्षेत्रबाट जितेका कारण प्रतिष्ठान राजविराजमा स्थापना गर्न उनले ठूलै भुमिका खेलका थिए । फलस्वरुप २०७८ साल जेष्ठ २१ गते मन्त्रिपरिषदको बैठकले प्रतिष्ठान निर्माण गर्न राजविराज नगरपालिका १० विरौलमा ६२ बिगहा जग्गा प्रतिष्ठानको नाममा उपलब्ध गराउनुका साथै २०७८ असार २२ गते तत्कालिन प्रधानमन्त्रि केपी शर्मा ओलीबाट भर्चुअल माध्यमबाट सिलान्यास कार्य समेत सम्पन्न गराइएको थियो ।

तर हाल सम्म निर्माण कार्य भने अघि बढ्न सकेको छैन । हाल निर्वाचन क्षेत्र परिवर्तन गरी बारा पुगे पनि सप्तरीमा आफुले सूरुआत गराएको योजनाहरु पुरा गराउन अहिले पनि पुर्ण प्रतिबद्धताका साथ लागि पर्ने सप्तरी यूथ नेपालका प्रतिनिधी मण्डल समक्ष उनले प्रतिबद्धता जनाए ।

सो क्रममा पत्रकारहरुद्वारा पार्टीमा देखिएको आन्तरिक विवाद बारे राखिएको जिज्ञासमा अध्यक्ष यादवले विवाद देखिनु समान्य कुरा हो भन्दै त्यसलाई आपसी छलफलबाट टुङ्ग्याइने जवाफ दिए ।

सप्तरी युथ नेपालको प्रतिनिधी मण्डलमा कार्यवाहक अध्यक्ष मोहन कुमार यादव, आन्दोलन परिचालन समितीका संयोजक सत्येन्द्र कुमार यादव लगायतको सहभागिता रहेको जसपा सप्तरीको प्रचार प्रसार डेस्क प्रमुख उपेन्द्र प्रसाद साहले जानकारी दिए ।

## उच्च अदालतहरूमा स्वचालित पेसी तारेख सुरु

काठमाडौँ, ८ पुस (रासस) ।

देशभरका उच्च अदालतमा आइतबारदेखि स्वचालित पेसी तारेख व्यवस्थापन प्रणाली प्रारम्भ भएको छ । प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठले उच्च अदालत पाटनबाट देशभरका उच्च अदालतमा स्वचालित पेसी तारेख व्यवस्थापन प्रणाली प्रारम्भ गर्नुभएको हो ।

उच्च अदालत सात प्रदेशमा सात वटा र अस्थायी इजलास गरी १८ वटा रहेका छन् । ती सबै अदालतमा आइतबारदेखि उक्त प्रणालीबाट पेसी तारेख ताकिनेछ । प्रधानन्याधीश श्रेष्ठले अदालतलाई पूर्णरुपमा प्रविधिमन्त्री बनाउँदा सहजरुपमा सेवाग्राहीले काम गर्न पाउने र सेवामा गुणस्तरीय, पारदर्शिता र विश्वास बढ्ने विश्वास व्यक्त गर्नुभयो ।

"सर्वोच्च अदालतमा प्रारम्भ गरेर सफल भएपछि उच्च अदालतमा लिइने पेसी तारिक पनि स्वचालित मेसिनबाट गर्ने प्रणाली सुरु गरेका हौँ", श्रेष्ठले भन्नुभयो, "यसप्रति सबैको विश्वास गुणस्तरीयता, पारदर्शिता र विश्वास हुन्छ । यो भनसुनका भरका आग्रह गरेर हुने छैन, न्यायिक इतिहासमा पहिलो पटक उच्च अदालतमा यो प्रणाली प्रारम्भ गरिएको हो ।" उहाँले सर्वोच्च अदालतकै सूचना प्रविधि महाशाखामा भएको जनशक्तिबाट यो प्रणाली सम्भव भएको भन्दै आगामी दिनमा जिल्ला अदालतमा सुरु गर्नका लागि अध्ययन भइरहेको जानकारी दिनुभयो ।

"यो प्रणालीबाट पेसी तारिक तोक्दा भेदभाव हुँदैन, अदालत र बार मिलेर गर्नुपर्ने काम

***बाँकी अन्तिम पृष्ठमा***

**शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं**

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (व्यवस्था) गरौं ।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं ।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं ।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं ।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं ।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं ।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं ।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको व्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं ।

**अनुरोधकर्ता**
**छिन्नमस्ता गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी**

## रामन्दिरको प्राणप्रतिष्ठामा नेपालबाट उपहार पठाइँदै

जनकपुरधाम, ८ पुस (रासस) ।

भारतको अयोध्यामा आगामी माघ ८ गते हुने 'श्रीराम मन्दिरमा प्राण प्रतिष्ठा'का अवसरमा नेपालबाट जनकपुरधाम-अयोध्याधाम यात्रासहित उपहार पठाइने भएको छ ।

जानकी मन्दिरको अगुवाइमा जनकपुरधामबाट अयोध्यासम्म विशेष यात्रासहित यहाँको उपहार पठाइन लागेको जानकी मन्दिरका सहमहन्थ रामरोशन दास वैष्णवले राससलाई जानकारी दिनुभयो । उपहारमा विभिन्न प्रकारका आभुषण, भाँडावर्तन, समावेश गरिनेछ । उहाँका अनुसार माघ ६ गते अयोध्यामा राम जन्मभूमि राममन्दिर ट्रष्टलाई उपहार हस्तान्तरण गर्ने योजनासहित माघ ४ गते जनकपुरबाट यात्रा प्रारम्भ हुनेछ । जनकपुरधामबाट जलेश्वरनाथ, मलङ्गवा, सिम्रौनगढ, गढीमाई, वीरगञ्ज हुँदै भारतको बेतिया, कुशीनगर, सिद्धार्थनगर गोरखपुरसम्म विधिन्न धार्मिकस्थलको दर्शन गर्दै अयोध्या पुग्ने कार्यक्रम छ ।

त्यसैगरी सहमहन्थ दासको नेतृत्वमा उपहार यात्राका मूल समारोह समितिसमेत गठन गरिएको छ । समितिको संरक्षकका रूपमा जानकी मन्दिरका महन्थ रामतपेश्वर दास वैष्णव, जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख मनोजकुमार साह रहनु हुनेछ ।

**यात्रालाई सुरक्षित बनाऔं ।**

- सवारी चढ्दा र ओर्लदा अरुलाई नधकेलौं, लाइनमा बसेर चढ्ने र ओर्लने गरौं,
- सवारीसाधनबाट शरिरका अंग बाहिर ननिकालौं,
- चालकलाई तीव्र गतिमा सवारी चलाउन नउक्साऔं,
- सवारीसाधनमा सभ्य व्यवहार देखाऔं,
- सवारीसाधनको छतमा बसेर यात्रा नगरौं,
- चालकलाई सवारी सञ्चालनमा कुनै प्रकारको अवरोध नगरौं,
- मादक पदार्थ सेवन गरेका चालकलाई सवारीसाधन चलाउन नदिऔं।

सुरक्षित होऔं, सुरक्षित यात्रा गरौं सकुशल गन्तव्यमा पुगौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

# खुल्ला मै शौच गर्ने बानीमा परिवर्तन ल्याउनु आवश्यक

सप्तरी सदरमुकाम राजविराजको विभिन्न स्थानमा खुल्ला शौच गर्ने बानीका कारण नगर नै दुर्घन्धित हुन पुगेको छ । नगरपालिकाको चार स्थानमा शौचालय रहेपनि खुल्ला स्थानमै शौच गर्ने पुरानो बानीका कारण नगर नै दुर्घन्धित हुन पुगेको हो । पुरानो बानीलाई सुधार गर्नुका साटो सोही बानीलाई नै निरन्तरता दिइरहेका स्थानीयहरुले अझै बानीमा परिवर्तन गर्न सकेका छैनन् सो कारणले नगर सरसफाईमा पछाडी पर्दै गइरहेको छ । सरसफाई भन्ने बित्तिकै हामी घरबाट निकालिएको फोहरलाई मात्र सम्झने गर्दछौं । तर फोहरमा मानिसको शरीरबाट निस्कने बेकार पदार्थ पनि पर्छ भन्ने हामी बिर्सन्छौं ।

सन् २०१६ मै सप्तरी जिल्लालाई खुल्ला दिशा मुक्त क्षेत्र घोषणा गरिसकिएको छ । जिल्लामा रहेका तत्कालिन एक वटा नगरपालिका गरि १ सय १४ वटै गाविसमा चर्पी निर्माण गरिसकिएपछि खुल्ला दिसामुक्त क्षेत्र घोषणा गरिएको सरकारी तथ्याङ्कले देखाएको छ । सो समयमा नेपाल सरकारले चर्पी बनाउँनका लागि आवश्यक सामग्रीहरु समेत दिएको थियो । उहिले घोषणा गरिएको कुरा अहिले कागजमा मात्र देखिन्छ । जिल्लालाई खुल्ला दिसामुक्त घोषणा गरिएपनि त्यो पूर्णरुपले लागु भएको देखिन्न् । उक्त समयमा सरकारी लहरका कारण घोषणा गरिएको थियो ।

सहर सुन्दर, सफा, व्यवस्थित तथा जनताको काम सरल र सुलभ तरिकाबाट कसरी हुने बारे कसैलाई चासो छैन् । पालिका भित्रका सडकहरु शौचालयमा परिणत भइरहेको छ, नगरपालिका अगाडी नै शौच र पिसाब गर्ने गरिन्छ तर, पनि पालिका मुकदर्शक भएको छ । तसर्थ यस्ता कार्यहरुलाई निरुत्साहित गर्न सम्बन्धित पालिकाले निगरानी बढाउनुका साथै सरसफाईमा ध्यान दिनु आवश्यक छ ।

# बढ्दै छ निःसन्तान बन्ने डर

**कालिका खड्का**

काठमाडौँ, ८ पुस (रासस) ।

पौष्टिक र गुणस्तरीय आहार नखानु, अत्यधिक गर्मीमा काम गर्नु, खानपिनमाभन्दा व्यक्तित्व विकासमा प्राथमिकता दिनु, मोटोपना बढ्नु, शरीर राम्रो देखाउन थोरै खाना खानु तथा रसायनयुक्त तरकारी र फलफूल खाने गर्नाले धेरै मानिसमा पछिल्लो समयमा निःसन्तान हुने समस्या बढ्दै गएको पाइएको छ ।

आहारविहारका अतिरिक्त विवाह ढिला गर्ने र सन्तान जन्माउने कामलाई प्राथमिकता नदिइ आफू आर्थिकरुपमा सक्षम भएपछि मात्र बच्चा जन्माउँछु भन्ने गर्नाले पछिल्लो समय धेरै दम्पती सन्तानविहीन बन्दै गएका चिकित्सकहरु बताउँछन् । “खानपिनमा ध्यान नदिने, कामको चाप बढी हुँदा पर्याप्त निद्रा नपाउने र आजकाल धेरै दम्पती पहिला व्यक्तित्व विकास गर्ने चिन्ताले उमेरमै सन्तान जन्माउनेबारे सोच्दैनन्”, प्रजनन तथा हर्मोन विशेषज्ञ डा उमा श्रीवास्तवले भन्नुभयो, “बढी तातोमा काम गर्ने, ढिला विवाह गर्ने, आवश्यक पौष्टिक आहार पर्याप्तमात्रामा नखाने तर ‘जङ्कफुड’ खानेजस्ता कारणले पनि दम्पती निःसन्तान हुँदै गएका छन् ।”

कोभिड-१९ को महामारी, युद्ध या विविध कारणले विश्वव्यापीरुपमा भइरहेको आर्थिक मन्दीका कारण पनि मानिसलाई जीविका चलाउन गाह्रो हुँदै गएको छ । यस्तो अवस्थामा जीविकाका अतिरिक्ति आफ्नो व्यक्तित्व विकास पनि मानिसको आधारभूत आवश्यकता जस्तो हुँदै गएको छ । यो पनि मानिसमा निःसन्तान बन्दै जाने एक कारण देखिएको छ । निःसन्तान केन्द्रमार्फत निःसन्तानका लागि उपचार सेवा दिइरहनुभएकी डा श्रीवास्तवका अनुसार महिला र पुरुष दुवैमा बराबर निःसन्तानको समस्या देखिएको छ ।

“नेपालमा निःसन्तान पुरुषका बारेमा कम अध्ययन गरिएको छ, तसर्थ महिलामा बढी समस्या भएको जस्तो लाग्छ । महिलाको समस्यामध्ये करिब ४० प्रतिशतमा डिम्बाशयको फोकेरोग अथवा पोलिसिस्टिक रोगका कारण निःसन्तानको समस्याले पीडित हुन्छन् भन्ने कुरा हामीले केही अनुसन्धानमार्फत पुष्टिसमेत गरेका छौँ”, उहाँले थप्नुभयो, “त्यसो त सुरुमा महिला मात्रै आउँथे, पुरुष कम आउँथे र महिलामा बढी समस्या छ जस्तो लाग्थो । तर अहिले आएर दम्पतीसँगै आएका केसमा ५०/५० प्रतिशत नै महिला र पुरुषमा निःसन्तान हुने समस्या देखिन थालेको छ ।” विश्वको तथ्याङ्क हेर्दा सन्तान प्राप्तिका लागि टेष्टटचुब बेबीमार्फत बच्चा जन्माउने दम्पती पनि पछिल्लो समयमा धेरै छन् तर यो उपचार निःसन्तानसम्बन्धी जाँचमार्फत प्रारम्भिक उपचार पद्धतिबाट पूर्ण तवरले असफल पुष्टि भएपछि मात्र अपनाउनुपर्छ ।

निःसन्तान केन्द्रकी सञ्चालक डा श्रीवास्तवका अनुसार उक्त केन्द्रको उपचार सेवाबाट मात्र आठ हजारभन्दा बढी बच्चा जन्मिएका छन् । यसबाट दम्पतीलाई सन्तान सुख मिलेको छ । तीमध्ये करिब १० प्रतिशत मात्र टेष्टटचुब बेबी छन् । उक्त केन्द्रले विसं २०५९ देखि नै सन्तान नभएका दम्पतीलाई आवश्यक उपचार सेवा प्रदान गर्दै यस प्रक्रियाबाट सन्तान जन्माउन सघाउने काम गर्दै आएको छ । तर आमजनताले उक्त प्रक्रियाबाट पनि सन्तान प्राप्त गर्न सक्दैनन् । किनकी उक्त प्रक्रियाबाट सन्तान जन्माउन महँगो पर्छ । एउटा सन्तान जन्माउन करिब रु तीनदेखि चार लाखसम्म खर्च लाग्ने भएकाले सबै नेपाली नागरिक त्यो प्रविधिबाट बच्चा जन्माउन पहुँचमा पुग्न सक्दैनन् ।

“टेष्टटचुब बेबीका लागि हर्मनल सुई महँगो पर्छ, तर ती सुईहरु भारतमा सस्तो पर्छ । त्यस किसिमको उपचार गराउँदा पनि सन्तान प्राप्तिको सफलता धेरै छैन । ती हर्मनल सुईहरु किन्न नपर्दा करिब एक/डेढ लाखसम्ममा बच्चा जन्माउन सकिन्छ”, उहाँले भन्नुभयो, “जर्मनी, स्वीट्जरल्यान्ड बाट ल्याइएको हर्मोन सुईको प्रयोग गर्दा एउटा बच्चा उत्पादन गर्न धेरै महँगो पर्छ ।” अनि त्यति खर्च गरेपछि पनि टेष्टटचुब बेबी प्रक्रियाबाट एक महिनामा नै सफल हुने दम्पती करिब ३० देखि ५० प्रतिशत मात्र हुन्छन् । यसरी असफल भएकालाई पुनः उपचार सुरु गर्नुपर्छ र फेरि त्यति नै खर्च लाग्ने गर्दछ ।

नेपाल सरकारले निःसन्तानका लागि हर्मनल सुईहरु परिवार नियोजनका साधन जस्तै निःशुल्क उपलब्ध गराउने व्यवस्था गरेमा त्यसको खर्च करिब रु डेढदेखि दुई लाखमा उक्त प्रविधिबाट बच्चा जन्माउन सकिने उहाँको भनाइ छ । “निःसन्तान हुनुमा पुरुष वा महिलामा के कमजोरी वा रोग छ भनेर अध्ययन गरिसकेपछि पुरुषहरुको विर्यमा शुक्रकिट शून्य भएको अवस्थामा दाताबाट लिनुपर्छ । त्यसैगरी ३५ वर्षमाथिका महिलाको पनि डिम्ब उत्पादन कम भएकालाई दाताबाट डिम्बदान लिनुपर्ने हुन्छ”, डा श्रीवास्तवले भन्नुभयो ।

“करिअर राम्रो बनाउने सोचले अहिले महिलाले बच्चा ढिला जन्माउने र कतिपयको राम्रोसँग डिम्ब नबढ्ने अवस्था देखिएको छ । खाना गुणस्तरीय नखाने, पौष्टिक आहार नखानेहरुको अण्डा राम्रो हुँदैन । महिलाको अण्डा वा पुरुषको शुक्रकीट लिनुपर्दा दाताको स्वास्थ्य पूर्णरुपमा परीक्षण गरेर स्वस्थ भएमा मात्र लिइन्छ । यस उपचार पद्धतिमा भ्रूण विकास गराउन मानव निर्मित शारीरिक रस जस्ता तरल पदार्थको पनि प्रयोग हुन्छ । डिम्ब र शुक्रकिट राख्ने, कतिपय सामानहरु पुनः प्रयोग गर्न नमिल्ने खालका हुन्छन् । ती प्याकेटमा आउँछन्, कति प्राकृतिकरुपमा नै निःसन्तान केन्द्रसम्म आइपुगेका हुन्छन् भने कतिमा टाढाबाट आउँदा तापक्रमको असर पनि परेको थाहा पाउन सकिँदैन । फलस्वरुप परिणाम सकारात्मक आउँदैन । यस्ता कुराहरू अनुभवले सिकाउँछ । यस्ता कैयौँ सफलताका कथा छन् । आफ्नो केन्द्रमार्फत जन्मिएका छोराछोरी भेट्न आउँदा खुसी लाग्छ”, उहाँले भन्नुभयो ।

उक्त केन्द्र सञ्चालन गरेपछि धेरै दम्पतीले विभिन्न उपचार पद्धतिबाट विशेष गरी हर्मोनल प्रक्रियाबाट सन्तान जन्माएका उहाँले बताउनुभयो । “तीन दशकदेखि निःसन्तानको उपचार गर्दै आएको छु, सुरुमा उपकरणहरु कम थियो, केहीलाई उपचारका लागि भारतमा पनि पठाएँ”, डा श्रीवास्तवले थप्नुभयो । उहाँले भारतको कलकत्ता, दिल्ली, मुम्बईबाट प्रारम्भिक र विशेष तालिम बेल्जियम, बेलायत, अमेरिका, स्पेन, युएईबाट लिएको बताउनुभयो ।

महँगो भए पनि टेष्टटचुब बेबी प्रविधि प्रारम्भ गर्नु त्यस समयको बाध्यता रहेको उहाँले बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, “सुरुमा पैसा तिरेर मेसिन ल्यायौं । थोरैमात्र सफल भएपछि सुरुमा त मेरो हौसला नै मर्‍यो । उपचार र तालिमलाई भने निरन्तर राखियो ।”

उक्त उपचार पद्धतिबाट बच्चा जन्माउन धैर्यता र खर्च चाहिने उहाँ बताउनुहुन्छ । अहिले कतिपय यस्ता केन्द्र खोलेर ‘हामी छोरा नै दिन्छौँ’ भनेर गर्ने गरिएका प्रचार राम्रो लागेको छैन । उहाँका अनुसार यस्ता सेवा केन्द्रले उपचार दिने हो । छोरा वा छोरी प्रलोभन दिन नमिल्ने उहाँको भनाइ छ । “छोरा वा छोरी छान्न भन्ने हुँदैन किनकि यसो गरेमा हाम्रोजस्तो देशमा छोरी जन्माउन खोज्ने दम्पती कमै भेटिन्छन्”, उहाँले थप्नुभयो, “डाक्टरले आचारसंहिताभित्र रहेर अध्ययन गरेरमात्र काम गर्नुपर्छ ।”

प्रकृतिले नै स्वस्थ जोडीबाट २५ प्रतिशत स्वस्थ सन्तान उत्पादन गर्ने क्षमता दिएको छ भने अन्य प्रविधि शत्प्रतिशत सफल नहुने उहाँको भनाइ छ । आफूहरुले उक्त प्रविधिबाट अधिकतम ६० प्रतिशतसम्म सफलता दिन सकेको डा श्रीवास्तवको दाबी छ । सरकारले सन्तान रोक्न विभिन्न खालका औषधिको व्यवस्था गरेजस्तै निःसन्तानका लागि पनि औषधिको व्यवस्था गरेको भए राम्रो हुन्थ्यो भन्ने उहाँलाई लागेको छ ।

डा श्रीवास्तवले आफूले गरेका काममा आधारित रहेर ‘सन्तान सुख’ नामक पुस्तक पनि लेख्नुभएको छ । उक्त पुस्तकमा ६० वटा विभिन्न ‘केस’ समेटिएको छ । उहाँका यससम्बन्धी कार्यपत्र र लेखहरु पनि प्रकाशित भएका छन् । यसैगरी निःसन्तान उपचारमा विशेषज्ञता हासिल गर्ने चिकित्सकहरुका लागि पनि एउटा पुस्तक लेखेर प्रकाशित भएको छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

## लामखुट्टेको टोकाईबाट लाग्ने डेंगुका लक्षण तथा यसबाट बच्ने उपाय

**लक्षण**

- उच्च ज्वरो आउनु ।
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु ।
- आँखाको गेडी दुख्नु ।
- अत्याधिक टाउको दुख्नु ।
- शरीरमा राता बिमिराहरु आउनु ।

***यस्ता लक्षणहरु देखापरेमा डेंगु हुन सक्छ । तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।***

**बच्ने उपाय**

- लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरि झ्याल, ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाँडालाई छोपेर राखौं ।
- अध्यँरा कुना-काप्चामा किटनाशक औषधी छर्कने गरौं ।

रुपनी गाउँ कार्यपालिकाको कार्यालय
रुपनी, सप्तरी

# सरकारको एक वर्ष : सूचना प्रविधिको सुरक्षित प्रयोग र विस्तार

**नेत्र सुवेदी 'प्रयास'**
काठमाडौँ, ८ पुस (रासस)।

वर्तमान सरकारले एक वर्ष पूरा गर्नैलाग्दा यस साता सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले कृत्रिम बौद्धिकता (आर्टिफिसियल इन्टेलिजेन्स अर्थात् एआई) सम्बन्धी अवधारणापत्रमा काम गरिरहेको छ। भविष्यका लागि एआइले उघार्ने सम्भावनालाई पहिचान गर्ने र प्रयोगमा ल्याउने विषय पक्कै पनि महत्वपूर्ण छ। विज्ञहरुको समेत सहयोगमा मन्त्रालयको आधिकारिक अवधारणा तयार हुन केही समय लाग्ला नै। खासगरी तथ्याङ्क प्रणाली र सूचना व्यवस्थापनमा एआइले दिनसक्ने शीघ्र गणना र विश्लेषणलाई सबैखाले कामहरुमा महत्वका साथ हेरिएको छ। च्याटजिपिटी, गुगल एआइलगायतका सर्च इञ्जिनहरु लोकप्रिय बनेका छन् भने एआइका अन्य औजारहरु पनि प्रतिस्पर्धाका साथ इन्टरनेट मार्केटमा देखापरेका छन्।

नामबाट पनि थाहा हुन्छ कि सूचना प्रविधिसम्बन्धी कार्य सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका समग्र कार्यहरुमध्ये एउटा प्रमुख पाटो हो। यसका लागि नीति तथा कानुन निर्माण तथा कार्यान्वयन, आवधिक योजनाका सोच, उद्देश्य र लक्ष्यहरुलाई वार्षिक कार्यक्रममार्फत कार्यान्वयनमा लैजाने काम मन्त्रालयले गर्दै आएको छ। मन्त्रालयभित्र सूचना प्रविधि महाशाखा र फ्रिक्वेन्सी व्यवस्थापन गरी दुई वटा महाशाखा क्रमशः सूचना प्रविधि र दूरसञ्चार प्रविधिसँग सम्बन्धित कार्यका लागि निरन्तर क्रियाशील रहेका छन् भने सूचना प्रविधि विभाग र राष्ट्रिय सूचना प्रविधि केन्द्र समेतले सूचना प्रविधिको विकास, नियमन र सार्वजनिक डाटाको सुरक्षित भण्डारणमा केन्द्रित भएर काम गर्दै आएका छन्।

केही आधार तयार भएका छन् र परिणाम पनि देखापरेका छन्। बितेको एक वर्षको अवधिमा केही काम सम्पन्न भएका छन् भने केही काम सम्पन्न हुने क्रममा छन् र केही हालसालै प्रारम्भ गरिएका छन्। केही काम भने सोचेजस्तो गरी अघि बढ्न सकेका छैनन्। कार्यसम्पादनमा केही संरचनागत र व्यवहारगत व्यवधानहरु छन्। यिनै बाधा अवरोधहरु छिचोलेर अघि बढ्नुपर्ने र आपसी समन्वय र विश्वासलाई सघन बनाउनुपर्ने पनि छ। सबैभन्दा पहिले सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले विगत एक वर्षमा सम्पन्न गर्न सकेका कामहरुका सम्बन्धमा चर्चा गरौँ।

राष्ट्रिय साइबर सुरक्षा नीति तयार भई २०८० साउन २३ गतेको मन्त्रिपरिषदको निर्णयबाट पारित भई कार्यान्वयनमा आएको छ। यो नीतिले साइबर कानुन बन्नुपर्ने र एउटा स्वतन्त्र एवम् विज्ञ सम्मिलित संरचनाको रुपमा साइबर सुरक्षा केन्द्र स्थापनाको समेत परिकल्पना गरेको छ। कानुन निर्माण र केन्द्र स्थापनाका लागि तयारीका कामहरु भैरहेका छन्। त्यसो त साइबर सुरक्षाका लागि सेक्युरिटी अपरेसन सेन्टर पनि मन्त्रालयभित्र नै ७/२४ नै सञ्चालित छ। सरकारी वेबसाइट र सूचना प्रविधि प्रणालीहरुमा देखिन सक्ने साइबर सुरक्षासम्बन्धी जोखिमहरुको निगरानी, प्रविधिगतरुपमै अनुगमन गरी जोखिम देखापरेमा सो को समाधानको पहल गर्ने कार्य यो सेन्टरले गरिरहेको छ। साइबर सुरक्षा केन्द्र सञ्चालनमा आएपछि यसको काम पनि सोही केन्द्रमा समायोजन हुनेछ।

सूचना प्रविधि महाशाखाले डिजिटल नेपाल फ्रेमवर्कसम्बन्धी कामको पनि संयोजन गरिरहेको छ। आठ वटा क्षेत्रका ८० वटा पहल गरिने भनेर झण्डै पाँच वर्षअघि घोषणा भए तापनि फ्रेमवर्कको परिचय तथा कार्यान्वयन कार्ययोजना प्रकाशन नहुनु, हरेक वर्ष कार्यक्रम राखिनु सबल पक्ष भएपनि राखिएका कार्यक्रमहरु प्रष्ट नतिजा देखिनेगरी कार्यान्वयन हुन नसक्नु कमजोरीका रुपमा देखिएका छन्। त्यस्तै धेरै निकायहरुबीचको समन्वय नै चुनौतीको विषय बन्नु यस फ्रेमवर्कको कमजोरी पक्ष भएको छ। समयको गतिसँगै डिजिटल नेपाल फ्रेमवर्कलाई समसामयिकरुपमा अद्यावधिक गरिने क्रममा छ भने त्यसरी अद्यावधिक गर्नका लागि विश्व बैंकको सहयोग लिएर डिजिटल नेपाल एक्सिलरेसन प्रोजेक्ट अगाडि बढाइँदै छ।

सूचना प्रविधिकै क्षेत्रमा भएको अर्को काम भनेको सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्ने निर्देशिका, २०८० को तर्जुमा र कार्यान्वयन पनि हो। सामाजिक सञ्जाल प्लेटफर्महरुलाई नेपालमा सञ्चालन गर्नका लागि सूचीकृत हुनुपर्ने भनेर तीन महिना अवधिको सूचना प्रकाशित भइसकेको छ भने सामाजिक सञ्जाल व्यवस्थापन इकाइले आफूलाई तोकेका कामहरु प्रारम्भ गरिसकेको छ। निर्देशिकाले स्वनियमनका विषयहरु समाविष्ट गरेको भए तापनि सामाजिक सञ्जाल प्लेटफर्महरुको दर्ता नवीकरण गर्ने, कन्टेन्ट मोडरेसन एवं सम्भावित कसुर परिभाषित गर्ने, उजुरीउपर अनुसन्धान, अभियोजनजस्ता सारभूत विषय समेटेर कानुन बनाउनुको विकल्प छैन। यही विषयलाई मध्यनजर गरी कानुनको मस्यौदा तयार हुँदैछ।

यसैगरी, फ्रिक्वेन्सी व्यवस्थापन नीति, २०८० पनि तर्जुमा भई कार्यान्वयनमा आएको छ। विगतमा मस्यौदा भै प्रतिनिधिसभामा पुगेर पुनः पेश गर्नुपर्ने अवस्थामा पुगेको सूचना प्रविधि विधेयकलाई नयाँ ढङ्गले तयार गर्ने काम भैरहेको छ भने दूरसञ्चार विधेयकको मस्यौदा पनि तयार हुँदैछ।

सूचना प्रविधि विधेयकको मस्यौदामा विद्युतीय हस्ताक्षरका विषय, सूचना प्रविधिको विकास र मापदण्डका विषय, सेवा प्रवाहलाई सूचना प्रविधिसँग जोड्ने विषयलाई समेट्नुको साथै साइबर सुरक्षा र डेटा सेक्युरिटीका आधारभूत विषयलाई समेत समेटेर अन्तिम रुप दिने काम भैरहेको छ। वेबसाइटमा नयाँ फिचरहरु थप गर्ने क्रममा "मन्त्रीसँग भर्चुअल सम्बाद" (मिट योर मिनिस्टर) नामक अन्तरक्रियात्मक फाराम पनि प्रयोगमा रहेको छ। सामाजिक सञ्जालसम्बन्धी गुनासो सम्बन्धित प्लेटफर्म सञ्चालकले सुनुवाइ नगरेको आधारसहित मन्त्रालयमा अनलाइन गुनासो गर्न सकिने वेबसाइटमा 'अपलोड' गरिने समेत अन्तिम चरणमा रहेको छ। मन्त्रालयको प्रवेशद्वारसँगै भएगरेका कामहरु देखिने डिस्प्ले टिभी पनि प्रयोगमा रहेको छ। साबिकदेखि सञ्चालनमा रहेका संरचनाहरुलाई के कसरी वैज्ञानिक र प्रभावकारी तुल्याउन सकिन्छ भन्ने कोणबाट सङ्गठन पुनसंरचनाका कामहरु पनि हुँदैछन्।

सूचना प्रविधिको प्रयोगको अवस्था सम्बन्धमा जानकारी लिनका लागि कुनै पनि देशको इ-रेडिनेस इन्डेक्स, इपार्टिसिपेसन इन्डेक्स र इ-गभर्नेन्स डेभलप्मेन्ट इन्डेक्स हेर्न सकिन्छ। नेपालको इ-गभर्नेन्स डेभलपमेन्ट इन्डेक्स १०० मा ५१ हाराहारीमा पुगेको छ। यसले दूरसञ्चार पूर्वाधार, सार्वजनिक सेवासँग सूचना प्रविधिको आवद्धता र मानवीय सक्षमतालाई विश्लेषण गर्ने हुँदा यी तीनवटै आयाममा सुधार हुँदा मात्र सूचकमा देखिनेगरी सुधार सम्भव हुन्छ। नेपाल सरकारका सबै तहका सरकारी संयन्त्रहरुले प्रयोग गर्न सक्ने सरकारी एकीकृत कार्यालय व्यवस्थापन प्रणाली (न्क्ष्इःक) तथा वेबसाइट टेम्प्लेटमा सुधार एवम् विस्तार गर्दै जाने, सूचना प्रविधि प्रणालीहरुको अनुगमन गर्ने प्रणालीबाट जोखिमको निगरानी बढाउने, ग्रुप एसएमएस सेवा, विद्युतीय हस्ताक्षरसम्बन्धी कार्य, नागरिक एपमा सेवाहरु आवद्ध गर्दै जाने विषय, सफ्टवेयर तथा हार्डवेयर भेटिङ्गको सबाल, डेटा सेन्टरलाई रिकभरी सुविधा र क्लाउड सुविधासहित पूर्णरुपमा सञ्चालन गर्ने कार्यसूचीमा समेत मन्त्रालय र विभागले महत्वका साथ कार्य गरिरहेको छ। साइबर सुरक्षामा देशकै अवस्था जान्नको लागि ग्लोबल साइबर सेक्युरिटी इन्डेक्सको स्कोर हेर्न सकिन्छ। नेपालको स्कोर सन् २०२२ मा १०० मा ४४.९९ छ भने राष्ट्रिय साइबर सुरक्षा नीति, २०८० ले आगामी १५ वर्षमा यो स्कोर ८० पुर्‍याउने महत्वाकाङ्क्षी लक्ष्य राखेको छ।

**सूचना प्रविधिको सम्भावना र नतिजा**

गर्नुपर्ने र नतिजामा पुग्नुपर्ने धेरै सवालहरु छन्। मन्त्रालय र मातहत निकायमा प्रयोगमा रहेका सूचना प्रविधि प्रणालीबीच अन्तर आबद्धतालाई पूर्णता दिई अन्य निकायका लागि उदाहरण बन्न सक्नुपर्दछ। डिजिटल डिभाइडलाई के कसरी कम गर्न सकिन्छ भन्ने विषयलाई गम्भीरताका साथ लिइनुपर्दछ। सरकारी कामकाजमा के कसरी सूचना प्रविधि उत्प्रेरक र सहयोगी बन्न सक्छ भन्ने कोणबाट सूचना प्रविधि इकोसिस्टम निर्माण गर्ने गरी एक निरन्तर क्रियाशील कार्यटोली नै प्रयोगमा ल्याउनुपर्ने देखिन्छ। विज्ञको संलग्नता र परामर्श बढाउँदै लगिएको भए तापनि एउटा कार्यविधि समेतका आधारमा रोष्टर तयारी गर्ने र नीति बहसहरुमा संलग्न गर्ने विषयलाई व्यवस्थित गर्न सकिन्छ। त्यस्तै गुणस्तर कायम गर्न र साइबर जोखिमलाई घटाउन सूचना प्रविधि प्रणालीको सुरक्षा जाँचसम्बन्धी सफ्टवेयर एवम् हार्डवेयरको भेटिङ्गसम्बन्धी कार्यलाई मापदण्ड बनाएर लागू गर्नुपर्ने देखिन्छ। यो कार्य प्रारम्भ भए पनि अन्तिम रुप पाएको भने छैन।

निजी क्षेत्रको इन्टरनेट सेवाप्रदायक मर्कन्टाइल प्रालिले हालसम्म सञ्चालन गरिरहेको डटकमडट एनपीको सुरक्षित व्यवस्थापनका लागि मन्त्रालयको संलग्नता र लगानी रहने मोडल सम्बन्धमा केही कार्यहरु बाँकी छन्। डिजिटल हस्ताक्षरको महत्व र उपादेयता सम्बन्धमा पैरवी गर्दै यसको प्रयोग बढाउन र सुरक्षित इ-गभर्नेन्सका लागि माध्यमको रुपमा अगाडि बढाउनुपर्ने देखिन्छ। बढ्दो साइबर स्पेस सँगै घट्न सक्ने साइबर आक्रमणका घटनाबाट बच्नका लागि साइबर हाइजिनका सबैखाले प्रबन्ध गर्न ढिला गर्नु हुँदैन। सूचना प्रविधिको प्रयोग बढ्दै जाने जोखिम पनि बढ्ने तर सूचना प्रविधि जनशक्ति संलग्न रहने सेवा भने पहिचानविहीन हुनु कुनै पनि हालतमा युक्तिसङ्गत हुँदैन। तसर्थ निजामती सेवामा सूचना प्रविधि सेवा थप गर्ने र बजारको विज्ञ जनशक्ति समेत प्रयोग गर्न सक्ने गरी हाइब्रिड संरचनामार्फत काम हुनु उपयुक्त हुन्छ। विभागको दरबन्दी संरचनामा पुनरावलोकन गरी हाल विस्तार भएका समेतका कार्यलाई प्रभावकारी ढङ्गले सम्पादन गर्नु आवश्यक छ।

सूचना प्रविधि तथा दूरसञ्चार सेवाका विषयहरु परस्पर विरोधी रुचिसमूह संलग्न हुने र बजार शक्तिको समेत सधैँ चासो हुने त छँदैछ तीव्र परिवर्तन हुने हुँदा संवेदनशील पनि भएबाट यसको सही व्यवस्थापन आफैँमा चुनौतीपूर्ण समेत छ। त्यस्तै अन्य क्षेत्रहरुमा पनि सूचना प्रविधि र न्यू मिडियाको प्रत्यक्ष प्रभाव परेको महसुस भएकाले कार्यरत जनशक्तिलाई सूचना प्रविधिसम्बन्धी विषयमा नियमितरुपमा अद्यावधिक गरिरहनुपर्ने देखिन्छ। बजारमा विकसित अवधारणालाई उपयुक्त ढङ्गले सरकारी संरचनामा प्रवेश गराउने र कार्यसम्पादनस्तरमा सुधार ल्याउनका लागि परिपूरक भूमिका रहने सदस्यहरुसहितको कार्यटोली प्रयोगमा ल्याउन जरुरी हुन्छ।

**डिजिटल नेपालको सपना**

सूचना प्रविधि महाशाखाअन्तर्गतकै इन्जिनियर वर्षको उत्कृष्ट कर्मचारी घोषित हुनु, एकपछि अर्को नवीन समस्याहरुले नवीन समाधानको माग गर्नु र एआईको सदुपयोग गरी थप नयाँ सम्भावनाको क्षितिज उघार्नुपर्ने अवस्थामा नेपालमा सूचना प्रविधिको प्रयोगलाई स्तरीय र सुरक्षित गराउन मन्त्रालयको भूमिकालाई कम आँकलन गर्नु गल्ति हुन जान्छ। खासगरी विदेशमा सिकेका ज्ञान सीप र अनुभवलाई मन्त्रालयको सान्दर्भिक टिममा साझा गर्ने कार्यसंस्कृति विकसित गर्न ढिलाइ भइरहेको अनुभूत हुन्छ। त्यस्तै भारतले 'डिजिटल इण्डिया' को अवधारणालाई उच्च प्राथमिकताका साथ अगाडि बढाएको सन्दर्भमा नेतृत्व, स्रोत साधन र समयका दृष्टिले पनि डिजिटल नेपालको विषयले ध्यानाकर्षण पाउनुपर्ने देखिन्छ।

सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ लाई पुनरावलोकन गर्नुपर्नेछ। सूचना प्रविधिसम्बन्धी कार्यहरुमा प्रदेश तह र स्थानीय तह आफैँले गर्न सक्ने र सङ्घीय तहबाट सहजीकरण हुनुपर्ने कामहरुका सम्बन्धमा स्पष्टता आवश्यक छ। प्रत्येक प्रदेशमा एक डेटा सेन्टर स्थापना गर्ने र ती सबै डेटा सेन्टरबाट सङ्घीय तहमा आवश्यक विवरण वा प्रतिवेदन प्राप्त गर्ने खालको सशक्त प्रणाली सम्बन्धमा पनि स्पष्ट खाकासहित कार्यप्रारम्भ गरिनु पर्दछ। नतिजा पाउन टाढा जान पर्दैन, भारतले अपनाएको गति शक्ति परियोजनाले सबै स्थानबाट तथ्याङ्कको जियोलोकेसन सहितको विवरण जम्मा पार्ने काम गरिरहेको छ। त्यसबाट सिक्न र नेपालमा समेत अपनाउन सकिन्छ ताकि जुनसुकै निर्णय गर्दा वा योजना लागू गर्दा स्पष्ट आधार बन्न सक्छ। आगामी समय थप अग्रगमन र प्रभावकारी कार्यसम्पादनका लागि हुने आशा राखौँ।

## विश्व समाचार

### यमनमा युद्धरत पक्ष शान्ति प्रक्रिया अघि बढाउन सहमत

दुबई, ८ पुस (रासस/एएफपी)।

यमनका लागि संयुक्त राष्ट्रसङ्घीय दूतले यमनका युद्धरत पक्षहरूले नयाँ युद्धविराम गर्ने प्रतिबद्धता व्यक्त गरेको र युद्ध अन्त्यका लागि संयुक्त राष्ट्रसङ्घको नेतृत्वमा शान्ति प्रक्रियामा संलग्न हुन सहमत भएको शनिबार बताएका छन्। यमनका लागि संयुक्त राष्ट्रसङ्घका विशेष दूत हान्स ग्रुन्डबर्गले गरेको यो घोषणा नौ वर्षदेखि जारी युद्ध अन्त्य गर्ने पछिल्लो कदम हो।

साउदी अरब र ओमानमा ग्रुन्डबर्गले यमनसमर्थित राष्ट्रपति परिषद्का प्रमुख रशाद अल-अलिमी र इरान समर्थित हुथी विद्रोहीका प्रमुख वार्ताकार मोहम्मद अब्दुल सलामसँग हालै गरेको भेटवार्तापछि यो निर्णय भएको हो। कार्यालयद्वारा जारी विज्ञप्ति अनुसार ग्रुन्डबर्गले राष्ट्रव्यापी युद्धविराम लागू गर्ने र समावेशी राजनीतिक प्रक्रियाको पुनः सुरु गर्ने तयारीमा संलग्न हुन द्वन्द्वरत दुबै पक्षले देखाएको इच्छाको स्वागत गर्नुभएको छ।

"राजदूतले अब संयुक्त राष्ट्रसङ्घको आयोजनामा यी प्रतिबद्धताहरू समावेश गर्ने र तिनको कार्यान्वयनलाई सहयोग गर्ने रोडम्याप बनाउन द्वन्द्वरत पक्षहरूसँग संलग्न हुनुहुनेछ," विज्ञप्तिमा भनिएको छ। सन् २०१४ मा इरान समर्थित हुथी विद्रोहीले राजधानी सानालाई आफ्नो नियन्त्रणमा लिएपछि यमन द्वन्द्वको चपेटामा परेको छ। संयुक्त राष्ट्रसङ्घको मध्यस्थतामा सन् २०२२ को अप्रिलमा लागू भएको युद्धविरामले शत्रुतामा तीव्र कमी ल्यायो। युद्धविराम गत वर्षको अक्टोबरमा समाप्त भएपनि धेरै हदसम्म युद्ध र क्षति रोकिएको छ।

ग्रुन्डबर्गले अब युद्ध अन्त्यका लागि संयुक्त राष्ट्रसङ्घको तत्वावधानमा रोडम्याप लागु गर्ने कामको नेतृत्व लिनुहुनेछ। उक्त रोडम्यापमा निजामती कर्मचारीको तलब भुक्तानी गर्ने, विद्रोहीले अवरोध गरेको शहर ताएज र यमनका अन्य भागमा बाटो खोल्ने र तेल निर्यात पुनः सुरु गर्ने प्रतिबद्धता पनि समावेश गरिएको छ। ग्रुन्डबर्गले भन्नुभयो, "यमनवासीले ठोस परिणाम र दिगो शान्तिको दिशामा प्रगति प्रदान गर्ने यो नयाँ अवसरको प्रतीक्षा गरिरहेका छन्।"

द्वन्द्वरत पक्षहरुले महत्वपूर्ण कदम चालेका छन्। उनीहरूका प्रतिबद्धताहरू सबैभन्दा पहिले यमनका जनताप्रतिको दायित्व हुन्। इजरायलले हमास लडाकूसँग लडिरहेको गाजा पट्टीमा प्यालेस्टिनीहरूप्रति ऐक्यबद्धता जनाउन 'रेड सी'को प्रमुख पारवहन मार्गमा हुथी विद्रोहीहरूले आक्रमण गरिरहेका बेला यो सम्झौता भएको हो। हुथी विद्रोहीले गत अक्टोबर ७ देखि शुरु भएको इजरायल-हमास युद्ध अन्त्य नभए इजरायली बन्दरगाहतर्फ जाने इजरायलसँग सम्बन्धित पानीजहाज वा जहाजमाथि आक्रमण गर्ने प्रतिबद्धता जनाएका थिए।

पेन्टागनका अनुसार ३५ भन्दा बढी देशका १० व्यापारिक जहाजलाई लक्षित गरी उनीहरूले १०० भन्दा बढी ड्रोन र क्षेप्यास्त्र आक्रमण गरेका छन्। विद्रोहीहरूको आक्रमणले विश्वव्यापी व्यापारको १२ प्रतिशत हिस्सा ओगट्ने पारवहन मार्गलाई खतरामा पारिरहेको छ, जसका कारण संयुक्त राज्य अमेरिकाले 'रेड सी'को पानीजहाजको सुरक्षाका लागि बहुराष्ट्रिय नौसैनिक कार्यदल स्थापना गरेको छ।

### इन्डोनेसियाको निकेल प्लान्टमा विस्फोट, १२ को मृत्यु, ३९ घाइते

जकार्ता, ८ पुस (रासस/एएफपी)।

पूर्वी इन्डोनेसियामा आइतबार चिनियाँ लगानीमा सञ्चालित निकेल (रसायन) प्रशोधन कारखानामा भएको विस्फोटमा परी कम्तीमा १२ जनाको मृत्यु हुनुका साथै ३९ जना घाइते भएका छन्। सुलावेसी टापुमा अवस्थित खनिज-समृद्ध निकारागुआ निकेलको उत्पादनको लागि महत्वपूर्ण केन्द्र हो। विद्युतीय वाहनका लागि चाहिने ब्याट्री र स्टीलको लागि प्रयोग हुने महत्वपूर्ण धातु हो। 'पीटी इन्डोनेसियाको सिङशान स्टेनलेस स्टिल'को प्लान्टमा स्थानीय समयअनुसार बिहान ५:३० बजे दुर्घटना भएको नगर परिसरका प्रवक्ताद्वारा जारी विज्ञप्तिमा उल्लेख छ। उहाँले भन्नुभयो, "अहिले मृत्यु हुनेको सङ्ख्या १२ पुगेको छ भने घाइते हुनेको सङ्ख्या ५१ पुगेको छ। सामान्य र गम्भीर घाइते भएका ३९ जनाको उपचार भइरहेको प्रवक्ता डेडी कुर्नियावानले बताउनुभयो। घटनामा सात इन्डोनेसियाली र पाँच विदेशी कामदारको मृत्यु भएको विज्ञप्तिमा जनाइएको छ। कुर्नियावानले एएफपीलाई बताएअनुसार पाँचै जना विदेशी कामदार चिनियाँ नागरिक थिए। अधिकारीका अनुसार प्रारम्भिक अनुसन्धानमा भट्टीको मर्मतका क्रममा प्रज्वलनशील तरल पदार्थ प्रज्वलित हुँदा विस्फोट भएको र त्यसपछि नजिकैको अक्सिजन ट्याङ्कीमा पनि विस्फोट भएको देखिएको छ। आइतबार बिहानसम्म आगो पूर्णरूपमा नियन्त्रणमा आइसकेको छ।

### निकोबार टापू क्षेत्रमा फसेका १८५ रोहिङ्ग्याको उद्धार गर्न आग्रह

जेनेभा, ८ पुस (रासस/एएफपी)।

संयुक्त राष्ट्रसङ्घले हिन्द महासागरको अण्डमान र निकोबार टापू नजिकै डुङ्गामा सवार महिला र बालबालिकासहित १८५ जना रोहिङ्ग्या आप्रबासीको तत्काल उद्धार गर्न शनिबार आह्वान गरेको छ। जहाजमा सवारमध्ये ७० जना बालबालिका र ८८ जना महिला रहेको राष्ट्रसङ्घीय शरणार्थी निकाय (यूएनएचसीआर)द्वारा जारी विज्ञप्तिमा उल्लेख छ। "कम्तीमा एक दर्जनको अवस्था गम्भीर रहेको आशङ्का गरिएको छ र एक जनाको मृत्यु भइसकेको छ," विज्ञप्तिमा भनिएको छ।

"समयमै उद्धार गरी नजिकको सुरक्षित स्थानमा ओर्लिन नसके धेरै तटीय राज्यहरूको निगरानीका कारण धेरैको मृत्यु हुन सक्छ। यूएनएचसीआरका प्रवक्ता बाबर बलोचले एएफपीसँग कुरा गर्दै जहाजमा सवार व्यक्तिहरू रोहिङ्ग्या शरणार्थी भएको र एजेन्सीले यस क्षेत्रका सबै तटीय अधिकारीहरूलाई तत्काल उद्धार गर्न अपिल गरिरहेको बताउनुभएको छ।

# स्वास्थ, शिक्षा तथा कृषीमा मुहार फेरिदै



**दैनिक समाचारदाता**
**राजविराज, ८ पुस ।**

सप्तरीको सुरून्ङ्गा नगरपालिकामा सबल नेपालले शिक्षा, स्वास्थ र कृषीमा सहयोग पुऱ्याएपछि समुदायमा मुहार फेरिदै गएको छ ।

सुरून्ङ्गा नगरपालिका ८ महुलियाको राष्ट्रिय आधारभुत बिधालयको कक्षाको मर्मत सम्भार, बालबिकासको शैक्षिक सामग्री, टिफिन बक्स र खाजा खाने केन्टिन, शुद्व खानेपानी ब्यबस्थापन लगायतमा सहयोग पुऱ्याएपछि बिधालयको मुहार फेरिएको हो ।

गुणस्तरिय शिक्षामा टेवा पुऱ्याउन बिधालयमा बालवालिकाहरूलाई टिकाउन र बिकाउनका लागी सबल नेपालले शैक्षिक सामग्री, सरसफाई, चर्पी सुधार, कक्षा कोठामा लो हाईट टेवलको ब्यबस्था, कक्षामा लेख्नु वोर्ड मार्कर, दैनिक रूपमा हाजरीको ह्वाईट बोर्ड ब्यबस्थापन सहयोग गरेपछि बिधालयको शैक्षिक अबस्था सुधार हुँदै गएको बिधालयका प्राधानाध्यापक नरिसंह चौधरी बताउछन ।

सबल नेपाल र सेभद चिल्ड्रेनको साझेदारी तथा सुरून्ङ्गा नगरपालिकाको सम्झदारीमा संचालित समुन्ती कार्यक्रम अन्तर्गत नगर कार्यक्रम सल्लाहाकार समितिद्वारा संयुक्त अनुगमन कार्यक्रममा बिधालयहरूले सो जानकारी दिइएको हो ।

यस्तै वडा नं. ८ कै आधारभुत बिधालय मलहनमाको बिधालयको रंगरोवन, शुद्व पानीको ब्यबस्थापन, बालबिकासमा पठनपाठनको लागी शैक्षिक सामग्री, वालमैत्री चर्पी, अपाङमैत्री चर्पि लगायतमा सहयोग गरेको छ ।

बिधालयको भौतिक पुर्वाधार, गुणस्तरिय शिक्षामा सुधार ल्याउन शैक्षिक सामग्री सहयोग तथा कक्षा ब्यबस्थापनमा पुऱ्याएको योगदानले वालवालिकाको शिक्षण सिकाईमा टेवा पुग्ने अनुगमनमा सहभागी प्रमुख प्रशासकिय अधिकृत भिमराज कोईरालाले बताए ।

उक्त टोलीले सुरून्ङ्गा नगरपालिका १ स्थित स्वास्थ चौकी पिप्रा पश्चिममा सबल नेपालले स्वास्थ सेवामा सहज बनाउन बरथिंग सेन्टर संचालनका लागि चाहिने स्वास्थ सामग्री सहयोग गरेपछि नियमित संचालन आएको सबल नेपालका कार्यक्रम संयोजक रोशन मण्डलले बताउछन ।

स्वास्थ सामग्री प्रदान गरेपछि अहिले स्वास्थ चौकीमा २४ घण्टा सुत्केरी सेवा संचालन आएको स्वास्थ चौकी ईन्चार्ज सचिन चौधरीले जानकारी दिए । चालु आ.ब. मा प्रत्येक महिना ९ देखि १० जना सम्म डेलिभरी सेवा लिन आउन गरेको उनले बताउँदै उदयपुर गडी गाउपालिका र त्रियुगा नगरपालिकाबाट पनि सेवा लिन आउने गरेको उल्लेख गरे ।

सबल नेपालले बर्थिंग संचालन गर्न बेड, ट्रली, ड्रेसिंग, प्केट, एनसि चेक अपलबेड, डेलिभरी बेड, दराज, शुद्व पानी ब्यबस्थापन गर्न समेत डेलिभरी गराउन चाहिने सम्पुर्ण सामग्री सहयोग गर्दै आएको सबल नेपालका अध्यक्ष जुना गिरीले बताईन ।

सुरुङ्गा नगरपालिकाले २ को कमलपुरस्थित चन्द्रमुखी कृषक समुहले सामुहिक तरकारी खेती भाण्टा, धनिया, फुलकोबी बार्षिक डेढ लाखदेखि ६ लाख आम्दानी हुने गरेको समुहका सदस्य जितेन्द्र प्रसाद यादबले बताउछन ।

उक्त अनुगमन टोलीमा सुरून्ङ्गा नगरपालिका ४ का वडा अध्यक्ष देवेन्द्र चौधरी, वडा ८ का श्याम साह, वडा २ का छत्र बहादुर राउत, स्वास्थ संयोजक दशन चौधरी, सहसंयोजक भूषण सुनरैत यादब, शिक्षा अधिकृत हिरालाल राणा, महिला तथा वालवालिका शाखा प्रमुख रिंकु यादब, सबल नेपाल अध्यक्ष जुना गिरी, फिल्ड अधिकृत अर्चना यादब, बाल संजालका सलमा खातुन लगायतको सहभागिता रहेको थियो ।

# मीनबहादुरको समूहले १३८ किलो सुन तस्करी गरेको छानबिन समितिको निष्कर्ष

**दैनिक समाचारदाता**
**काठमाडौं, ८ पुस ।**

त्रिभुवन विमानस्थल भन्सार कार्यालयको छानबिन समितिले मीनबहादुर घले र उनको समूहले १३८ किलो सुन तस्करी गरेको निष्कर्ष निकालेको छ । यसमध्ये पछिल्लो पटक १४ किलो सुन भन्सार कार्यालयले बरामद गरेको छ ।

२२ मंसिरमा दुबईबाट काठमाडौं आएका चन्द्र घलेलाई भन्सार कार्यालयले १४ किलो सुनसहित पक्राउ गरेको थियो । त्यसक्रममा गोरखाका मीनबहादुर घले पनि पक्राउ परेका थिए ।

घटनाबारे छानबिन गर्न भन्सार कार्यालयले बनाएको समितिले गरेको अनुसन्धानका क्रममा मीनबहादुरले दुबईमा रहेका अंकित अग्रवाल नाम गरेका व्यक्तिसँग सम्पर्क गरी नेपालमा सुन तस्करीको चाँजोपाँजो मिलाएका थिए ।

छानबिन समितिले भनेको छ, 'पटक पटक गरी मिनबहादुर घले, चन्द्र आले र कृष्णकुमार श्रेष्ठले जम्मा १३८ केजी सुन ल्याएर विमानस्थलबाट सेटिङ मिलाएर बाहिर ल्याउने गरेकोमा पछिल्लो पटक चन्द्र घलेले ल्याएको १४ केजी मात्र पक्राउ परेको देखिन्छ ।'

मीनबहादुर र चन्द्रका साथै कृष्णकुमार श्रेष्ठले दुबईबाट सुन लिएर आउने गरेका थिए । एयरपोर्टमा सेटिङ मिलाउन भने डीबी भन्ने दनबहादुर गुरुङलाई प्रयोग गरेको पाइएको छ ।

एयरपोर्टबाट सुन निकाल्न नागरिक उड्‌ययन कार्यालय, गौचरका एसी मेकानिक राधाकृष्ण श्रेष्ठ, कार्यालय सहयोगी लेकबहादुर तामाङ, करारका पूर्व कर्मचारी रमेश देउला, एसी शाखामा काम गर्ने कार्यालय सहयोगी अनिल श्रेष्ठ र प्लम्बर शेरबहादुर बस्नेतले भूमिका खेलेको समितिको निष्कर्ष छ ।

एयरपोर्टबाट कटाएको सुन रमेश, राधाकृष्ण र अनिलले काठमाडौंको टोखा नगरपालिका, बानियाटारसिथतर सूर्यदर्शन हाइटमा रहेको डीबी गुरुङको घरमा पुऱ्याउने गरेका थिए । यो सुन मिनबहादुर र उनका साथी जाने भन्ने जीवन गुरुङले अंकितले भनेको स्थानमा पुऱ्याउने गरेका थिए ।

# काँकरभिट्टा-लौकही सडक स्तरोन्नतिमा ११ हजार पाँच सय १३ रुख काटिने

बेलबारी (मोरङ), ८ पुस (रासस) ।

पूर्वपश्चिम राजमार्गको काँकरभिट्टा-लौकही सडकखण्ड स्तरोन्नतिका लागि काम सुरु हुने भएको छ। तीन वर्षमा निर्माण सम्पन्न गर्ने योजनाको साथ एशियाली विकास बैंकले स्तरोन्नति गर्न लागेको यो सडक एसियन हाइवे मापदण्डको बन्नेछ। सडकको लागत रु २८ अर्ब १७ करोड छ ।

काँकरभिट्टाबाट लौकहीसम्मको १२० किलोमिटर सडक स्तरोन्नति हुने भनिए पनि हाल ९७ दशमलव सात सय ७० किलोमिटर सडक मात्र ठेक्का लागेको छ। जसमा सडक किनारमा पर्ने ११ हजार पाँच सय १३ वटा रुख कटान हुने वातावरण प्रभाव मुल्याङ्कन प्रतिवेदनमा उल्लेख गरिएको काकरभिट्टा-लौकही सडक आयोजना इटहरी कार्यालयका प्रमुख जगत प्रजापतिले जानकारी दिनुभयो । सडक क्षेत्रबाट ३५ मिटर क्षेत्र भित्र पर्ने रुखमात्र काटिने र काटिएका रुखको दश गुणाबढी बिरुवा रोपिने उहाँले बताउनुभयो ।

डिभिजन वन कार्यालय मोरङका वन अधिकृत घनश्याम यादवका अनुसार मोरङ खण्डको ३६ किलोमिटर क्षेत्रमा पाँच हजार पाँच सय ५६ वटा रुख पर्छन् । मोरङ खण्डका मङ्गलबारे, पथरी, कानेपोखरी, बेलबारी र सलकपुर सवडिभिजन वन कार्यालयले सडक क्षेत्रमा पर्ने रुखको धमाधम छपान गरिरहेको यादवले बताउनुभयो । पाँचवटै सव डिभीजन वन कार्यालयबाट चार/पाँच जना जनशक्ति परिचालन गरी रुख छपान गर्ने काम भइरहेको छ ।

सडक दुई खण्डमा ठेक्का लागेको छ । काकरभिट्टाबाट दमकसम्मको ४५ किलोमिटर सडक दमकस्थित कार्यालयले हेर्नेछ भने दमकबाट इटहरी पश्चिमसम्मको सडक इटहरी कार्यालयले हेर्नेछ । सडक आयोजना इटहरी कार्यालयका प्रमुख प्रजापतिका अनुसार सडक र पुल निर्माणका लागि पाँच वटा अलगअलग ठेक्का लगाएको छ । ठूला र साना पुल निर्माणका लागि बेग्लाबेग्लै ठेक्का लागेको छ भने ० देखि ४५ किमीसम्म,४५ देखि ८५ किमीसम्म र ८५ देखि ९७ दशमलव सात सय ७० किमीसम्म पाँच वटा ठेक्का लागेको छ ।

निन्दा, विरिङ, कन्काई पुल निर्माणका लागि एउटा, रतुवा, बक्राहा र लोहन्द्रा पुल निर्माणको अर्को ठेक्का लागेको छ । यी छ वटा पुल तीन सय मिटरभन्दा लामा छन् । काम छिटो सम्पन्न गर्न अलगअलग टेण्डर आह्वान भएको आयोजना प्रमुख प्रजापतिले बताउनुभयो ।

तीन वर्गमा निर्माण हुने सडक बजार, जङ्गल र ग्रामीण क्षेत्र भनेर छुटचाइएको छ । बजार क्षेत्रमा ५० मिटर, जङ्गल क्षेत्रमा २४ मिटर र ग्रामीण क्षेत्रमा ३३ मिटर चौडाइको सडक निर्माण हुने आयोजनाले जनाएको छ । सडक क्षेत्रमा रहेका चार सय चार वटा अस्थायी संरचना हटाउनु पर्नेछ ।

सहरी क्षेत्रमा साइकल लेन, फुटपाथ, ड्रेनसहित निर्माण हुने यस सडक एकैपटक काम सुरु हुनेछ । तीन सय मिटरभन्दा लामो पुल रहेका छ स्थानमा सिग्नेचर पुल निर्माण हुनेछन् । नेपालको कालिका र तुङ्गी कन्ट्रक्सनसँग चाइनिज कम्पनीले संयुक्तरुपमा गर्ने सडक निर्माणको कामका लागि धमाधम साइड खाली गर्ने काम भइरहेको आयोजना दमक कार्यालय प्रमुख सुनीलबाबु पन्तले बताउनुभयो ।

## *उच्च अदालतहरूमा ...*

प्रभावकारी रुपमा हुन्छ", प्रधानन्याधीश श्रेष्ठले थप्नुभयो, "निकट भविष्यमा सर्वोच्च अदालतमा आफ्नै ल फमबाटै मुद्दा दर्ता गर्न सक्ने प्रणाली व्यवस्था गर्न अध्ययन गरिरहेका छौं । यो काम अन्तिम चरणमा पुगेको छ ।" तारिख लिने कामका लागि अदालत जानु नपर्ने व्यवस्था गर्ने तयारी भइरहेको जनाउँदै उहाँले सर्वोच्च, उच्च अदालतमा पनि अनलाईनबाट सुनुवाइ गर्ने व्यवस्था भइरहेको बताउनुभयो ।

बाँकी उच्च, विशेष र श्रम अदालत तथा वैदेशिक रोजगार न्यायाधीकरणमा पनि अनलाईन सुनुवाइ गर्ने व्यवस्था मिलाउने तयारी भइरहेको प्रधानन्याधीश श्रेष्ठले जानकारी दिनुभयो ।


# सर्टिफिकेट हराएको सूचना

जिल्ला सप्तरी छिन्नमस्ता गाउँपालिका वडा नं. २ बस्ने **दीक्षा कुमारी मिश्र**को रजिस्ट्रेशन न. 771511126 भएको माइग्रेशन सर्टिफिकेट २०८० असोज १० गते छिन्नमस्तादेखी राजविराज आउने क्रममा हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी चौकीमा सम्पर्क गरि बुझाइदिनु हुन हार्दिक अनुरोध छ ।

# मार्कसिट हराएको सूचना

जिल्ला सप्तरी महादेवा गाउँपालिका वडा नं. ७ (हाल २) बस्ने **सरिता कुमारी साफी**को रजिस्ट्रेशन न. AN-00627-019 भएको मार्कसिट २०८० असोज ५ गते राजविराजस्थित भगवति मन्दिरदेखी गजेन्द्र चौकसम्म जाने क्रममा हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी चौकीमा सम्पर्क गरि बुझाइदिनु हुन हार्दिक अनुरोध छ ।


# महिला हिंसा के हो र कसरी कम गर्न सकिन्छ

**महिला हिंसा**

महिला विरुद्धका हिंसा विशेष रूपमा महिलाको विरुद्धमा हुने सम्पूर्ण हिंसात्मक कार्यहरू हुन् । यस्तो प्रकारको हिंसाले कुनै पिडितको लिङ्गलाई प्राथमिकतामा राखेर कुनै विशेष समूहलाई लक्षित गरेको हुन्छ । यस्तो हिंसा लिङ्गमा आधिरित हुन्छ अर्थात महिला भएकै कारण कसैले यस्तो हिंसाको शिकार बन्नु परेको हुन्छ । महिलामाथि हुने हिंसा भन्नाले महिलाको जन्मपूर्व देखि मृत्यु नहुञ्जेल सम्मको अवस्थामा महिला भएकै कारणबाट हुने विभिन्न खाले विभेदपूर्ण व्यवहार शोषण शारीरिक, मानसिक तथा यौनिक यातनाहरू र दुर्व्यवहारलाई बुझाउँछ । यस्ता हिंसा महिला विरुद्ध महिला र पुरुष दुवैले गर्ने गरिन्छ । यसले समाज विकासको क्रमलाई प्रत्यक्ष र परोक्ष रूपमा प्रभाव पारिरहेको हुन्छ । खास गरी महिलाहरूको जैविक बनावटलाई आधार बनाएर समाजले महिलाहरूलाई गर्ने व्यवहारले हरेक महिलाको प्रगतिको बाधक बनिरहेको अवस्था रहेको छ । परम्परागत मूल्य मान्यताका आधारमा गरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन् । घरेलु हिंसाका कारण होस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको सङ्ख्या उल्लेख्य छ । आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिक लगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाट महिलाहरू वन्चित छन् । राज्य वा गैरराज्यबाट गरिने लैंगिक भेदभाव त छँदैछ त्यसमा पनि परम्परागत मूल्य मान्यताकाआधारमागरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन् । त्यसै भएर आज भोलि घरेलु हिंसाका कारणहोस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको संख्या उल्लेख्य छ ।आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिकलगय़त मानवअधिकारका आधारभूत अधिकारहरूबाटमहिलाहरू वन्चित छन् । समाजमा जस्तो सुकै परिवर्तन भए पनि महिलाले परिवर्तनको अनुभूति गर्न सकेका छैनन् र महिलामाथि हुनेहिंसाका घटनामा कमी आउन सकेको छैन ।

**महिला हिंसा अन्त्य गर्ने उपाय**

महिलाको लागि शिक्षामा पहुँच र सम्पत्तिमाथिको स्वामित्व स्थापितगरी कुरीति र कुसंस्कारको रूपमा रहेको विधुवा प्रथा, घुम्टोप्रथा, बाल तथा अनमेल बिबाह प्रथाको अन्त्य गरिनुपर्छ । त्यसका लागि महिला हिंसा विरूद्ध बनेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनको व्यवहारिक कार्यान्वयनसँगै बोक्सी प्रथा र घरेलु तथा महिलाहिंसा विरूद्धको कडा कानून निर्माण, दाईजो दिने वा लिनेलाई कडाकारवाही गरी कुनैपनि खाले भेदभाव विरूद्ध दण्ड र सजायको व्यवस्था हुन सके मात्र महिलामाथि हुने हिंसा कम गर्न सकिन्छ ।

**जनहीतका लागि : शम्भुनाथ नगर कार्यपालिकाको कार्यालय, कठौना, सप्तरी**

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*